# पेशागत व्यवहारिक परीक्षण
# (Professional Behavioral Test)
# (परीक्षार्थीको लागि निर्देशन)

१. नेपाल प्रहरीमा प्रहरी अधिकृत स्तरको कर्मचारीलाई आवश्यक पर्ने सक्षमताहरु (Competencies) को मापन गर्ने गरी यो पेशागत व्यवहारिक परीक्षण परीक्षा समावेश गरिएको हो।

२. लिखित परीक्षा योजना अन्तर्गत तृतीय पत्रमा रहेको पेशागत अभिवृत्ति परीक्षण (Professional Orientation Aptitude Test) विषयको **खण्ड 'क'** मा रहेको पेशागत सैद्धान्तिक ज्ञान (Professional Knowledge) को लिखित परीक्षा समाप्त भएपश्चात **खण्ड 'ख'** मा रहेको पेशागत व्यवहारिक परीक्षण (Professional Behavioral Test) प्रहरी निरीक्षक पदको लागि अंकभार ३० र समयावधी ४५ मिनेटको तोकिएको छ भने प्रहरी सहायक निरीक्षक पदको लागि अंकभार १५ र समयावधी ४५ मिनेटको उल्लेख छ।

२.१ पेशागत अभिवृत्ति परीक्षण को २ घण्टा १५ मिनेटको परीक्षा समाप्ति पश्चात खण्ड क को उत्तर पुस्तिका बुझाउनु पर्नेछ र परीक्षार्थीहरु यथास्थानमै रहनु पर्नेछर सोही वखतमा खण्ड ख को प्रश्नपत्र सहितको उत्तरपुस्तिका वितरण हुनेछ र उक्त खण्डको नाम नामेसी विवरण भर्न र सोही उत्तरपुस्तिकाको बाहिर रहेको निर्देशन अध्ययन गर्न १० मिनेटको समय रहनेछ।

२.२ खण्ड क को परीक्षा समाप्त भए पश्चात दिईएको १० मिनेटमा भित्र निर्देशन पढ्ने र विवरण भर्ने कार्य गर्नु पर्नेछ र परीक्षा शुरु गर्ने संकेत घण्टी नलागेसम्म उक्त बाहिरी पेज बाहेक अन्य पाना हेर्न, पल्टाउन वा अध्ययन गर्न पाईनेछैन।

२.३ परीक्षार्थी वा परीक्षा संचालन गर्ने कर्मचारी कसैले प्रश्नपत्र/उत्तरपुस्तिकालाई लैजान, नक्कल गर्न वा फोटो खिच्ने लगायतका कार्य गर्न गराउन पाइने छैन।

३. पेशागत व्यवहारिक परीक्षण खण्ड अन्तर्गत **प्रहरी निरीक्षक** पदको लागि Critical Analysis/Problem Solving, Situational Travel Time, Incident Report Writing र Simulation or Work Sample विषयको परीक्षण गरिने छ भने **प्रहरी सहायक निरीक्षक**को लागि Situational Travel Time, Incident Report Writing र Simulation or Work Sample विषयको परीक्षण गरिने छ।

४. पेशागत व्यवहारिक परीक्षण खण्ड अन्तर्गत निम्न विषयवस्तुको सम्बन्धमा परीक्षार्थीहरुको सक्षमताहरु (Competencies) परीक्षण गरिने छ।

**(क) Critical Analysis/Problem Solving:** यस परीक्षणमा पेशासंग (शान्ति सुरक्षा संग सम्बन्धित कुनै घटना, परिघटना, सुचना प्राप्ति, सर्तकता आदि) सम्वन्धित विषयवस्तु

उम्मेदवारलाई विवरणको रुपमा प्रदान गरिन्छ । उम्मेदवारले सोको विस्तृत अध्ययन गरे पछि सो परिघटनाहरुलाई सम्बन्धित पदको कार्य संग सम्बन्धित रहेर कसरी बुझ्छ र सो सम्वन्धमा के पहल वा कार्य गर्दछ भन्ने कुरा क्रमिक रुपमा बुँदागत रुपमा लेख्नु पर्नेछ ।

**(ख) Situational Travel Time:** यस परीक्षणमा समाजको कुनै स्थान विशेष (शहर, गाँउ, टोल) को शान्ति सुव्यवस्था खल्वल्याउने विषयवस्तु, घटना परिघटनाको बढावा हुनसक्ने सम्भावना एवं परिस्थितिको विश्लेषण गरी उक्त क्षेत्रको नाप, नक्सा बाटो (कच्ची, पक्की निर्माणमा अवरोध भएको आदि कम वा धैरै समय लाग्ने) को समेत अध्ययन गरी उक्त स्थानमा पुग्न लाग्ने समय र जाने तरीका (पैदल वा सवारी साधनबाट) को उल्लेख गर्नु पर्नेछ ।

**(ग) Incident Report Writing:** यस परीक्षणमा समाज घट्ने कुनै पनि घटनाको यथार्थ वस्तुस्थितिको सहितको घटना विवरण दिइन्छ । परीक्षार्थीहरुले उक्त विवरण ध्यानपूर्वक अध्ययन गरी सोधिएका प्रश्नहरुको छोटो उत्तर दिनु पर्नेछ ।

**(घ) Simulation or Work Sample:** यस परीक्षणमा नेपाल प्रहरीको विभिन्न प्रहरी युनिटहरुमा नियमित र आकस्मिक रुपमा गर्नुपर्ने कार्यहरुको श्रृंखलाहरुलाई वास्तविक जीवन्त परिस्थितिसंग मेलखाने किसिमका कार्यहरुको नमुना, उम्मेदवारको जिम्मेवारी र भूमिका समेत उल्लेख गरी विषयवस्तु उपलब्ध गराईन्छ र उक्त जिम्मेवारीलाई सो व्यक्तिले के कस्तो तर्कका आधारमा किन र कसरी प्राथमिकीकरण गर्दछ भन्ने कुरा क्रमिकरुपमा लेख्नु पर्नेछ ।

साथै Simulation or Work Sample मा दिइएको घटना विवरणको विषय वस्तुले इंकित गरेको महत्व (Importance) र जरुरीपन (Urgency) का आधारमा तपाईले समाधान गर्दा घटनाको गाम्भीर्यतालाई ध्यानमा राखि पहिलो सम्पन्न गर्नु पर्ने घटनालाई १, त्यस्तै दोस्रोलाई २, तेस्रोलाई ३, चौथोलाई ४, पाँचौलाई ५ गर्दै क्रमश सो घटनालाई सम्वोधन गर्न गरिने काम कारवाहीहरु अनिवार्य रुपमा लेख्नु पर्नेछ ।

**(ङ)** दिइएको घटना विवरण अनुसार कार्य सम्पन्न गर्नका लागि गर्नुपर्ने मुख्य कार्य/क्रियाकलापहरु (Key Actions) र उक्त घटना जुन प्राथमिकता क्रम (Priority Order) मा तपाइले राख्नु भएको छ सो प्राथमिकता क्रममा पर्नुको कारण समेतको पुष्ट्याई (Justification) तोकिएको स्थानमा उल्लेख गर्नु पर्नेछ ।

५. परीक्षार्थीहरुले आफ्नो प्रतिक्रिया स्वरुप उत्तर उल्लेख गर्न प्रत्येक टेष्टको लागि पाना उपलब्ध हुनेछ । दिइएको निर्धारित स्थान अपुग भएमा सो पानाको पछाडी रहेको खाली भाग समेत उपयोग गर्न सकिने छ ।

६. उत्तर पुस्तिकामा निर्धारित स्थानमा उल्लेख गरिए बाहेक उम्मेदवारले आफ्नो पहिचान खुलाउने कुने प्रकारको चिन्ह वा संकेत लेख्न पाउने छैन । उल्लेख गरिएको पाइएमा परीक्षा रद्ध हुनेछ ।

७. परीक्षा समयमा उपलब्ध गराईएको उत्तर पुस्तिका, प्रश्नपत्र, निर्देशन लगायत अन्य सबै सामाग्री अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।